# इटहरी उप-महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
इटहरी, सुनसरी

१.नं. प्रदेश, नेपाल

०२५-५८००४६
०२५-५८२३१९
०२५-५८२८११
०२५-५८२१६१


प.सं. ०७५/०७६
च.नं. २०९

मिति ....२०७५।०४।११...

इटहरी उप-महानगरपालिका नगर कार्यपालिकाको कार्यालय इटहरी, सुनसरी प्रदेश नं.-१, सुनसरी, नेपाल स्था. २०७३

**विषय: प्रेस विज्ञप्ती ।**

आज इटहरी उपमहानगरपालिकाको आयोजनामा आयोजित इटहरी नगरको ट्राफिक व्यवस्थापन सम्बन्धी जनप्रतिनिधी र सम्वन्धित सरोकारवालाहरु वीच भएको बृहत अन्तरक्रियात्मक छलफल कार्यक्रम सम्पन्न भयो । छलफलको निश्कर्ष अनुसार इटहरी उपमहानगरपालिकाको ट्राफिक व्यवस्थापन र सवारी आवागमनलाई सहज, सरल र व्यवस्थित गर्न आवश्यक रहेको निश्कर्ष निकालियो र सो निश्कर्ष अनुसार वडा नं.६ का अध्यक्ष दिपक गौतमको संयोजकत्वमा बरिष्ठ इन्जिनियर अर्जुन दाहाल सदस्य, वातावरण इन्जिनियर पुष्प नारायण चौधरी सदस्य सचिव रहेको ११ सदस्यीय ट्राफिक व्यवस्थापन अध्ययन कार्यदल गठन गरियो । उक्त कार्यदलमा इटहरी स्थित ट्राफिक प्रहरी कार्यालय, इलाका प्रहरी कार्यालय, उद्योग बाणिज्य संघ, बस, टेम्पो, सिटी सफारी, बसपार्क व्यवस्थापन समिति, ट्याक्सी व्यवसायी लगायतका संघ संस्थाको प्रतिनिधि समेत सदस्य रहेका छन् । उक्त छलफलको निश्कर्ष अनुसार इटहरी उपमहानगरपालिका र सरोकारवाला बीचको छलफलले इटहरी क्षेत्रमा ट्राफिक व्यवस्थापनलाई व्यवस्थित, सरल, सहज र व्यवहारीक बनाउन पाँच बुँदे कार्यदेश सहित सात दिन भित्र सबै उपाय, विकल्प र कार्यान्वयनको विधि समेतका विषयमा बस्तुनिष्ठ र यथार्थ अध्ययन प्रतिवेदन उपमहानगरपालिका कार्यालय समक्ष बुझाउने जिम्मेवारी प्रदान गरिएकोले यस कार्यमा अधिकतम सकारात्मक सहयोग पुर्‍याई दिनु हुन सम्वन्धित सबै नगरवासी महानुभावहरुमा हार्दिक अनुरोध गर्दछु ।

लक्ष्मि गौतम
उपप्रमुख

लक्ष्मी गौतम
उप-प्रमुख


www.itaharimun.gov.np / email : itahari.municipality@gmail.com